**सभाका अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरु,**

महालक्ष्मी नगरपालिकाको यस सम्मानित सभामा आर्थिक वर्ष ०७९/८०को बजेट पेश गर्न पाँउदा अत्यन्त खुसी लागेको छ ।

नेपाली जनताको विरतापूर्ण संघर्षको ईतिहास सँगै लोकतान्त्रिक आन्दोलनमार्फत संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गरी यहाँसम्म ल्याईपुर्याउन जीवन बलिदानी गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

नेपालको संविधानले परिकल्पना गरेअनुसार तीन तहको सरकारमध्ये महालक्ष्मी नगरपालिका पनि एक स्थानीय सरकार हो । **समृद्ध नेपालः सुखी नेपाली** भन्ने मान्यतालाई आत्मसात गर्दै विकासको गन्तव्यतर्फ हामी बलियो पाईलाका साथ अघि बढिरहेका छौँ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय तथा प्रदेश सरकारको नीति तथा बार्षिक कार्यक्रम, महालक्ष्मी नगरपालिकाको नीति तथा कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक, दीगो विकास लक्ष्य, कार्यपालिका तथा नगरसभा सदस्यहरुको सुझाव, विषयगत समिति तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिमा भएको छलफल र निर्णयहरुलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**सभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष ०७९/८०को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

- संस्थागत सबलीकरण मार्फत सुशासन प्रवर्धन गर्नु
- पूर्वाधार विकास मार्फत विकासका सम्भावनालाई फराकिलो पार्नु
- दिगो विकासका सिद्धान्तहरु अवलम्बन गर्दै लक्ष्यहरु हासिल गर्नु
- प्रतिफलमूलक र उत्पादनमुलक कार्यक्रम मार्फत सामाजिक समता कायम गर्नु
- आन्तरिक श्रोतको अधिकतम परिचालन तथा व्यवस्थापन गर्नु
- सहभागितामूलक विकास मार्फत लाभग्राहीको अपनत्व अभिवृद्धि गर्दै विकासलाई टिकाउ बनाउनु
- समृद्ध नेपाल सुखी नेपालीको नारालाई सार्थक तुल्याउनु

पूर्वाधारहरुको विकास, खानेपानी, पर्यटन, सामाजिक विकास,स्वास्थ्य, फोहरमैला व्यवस्थापन, सुशासन सहितको कार्यालय संचालन, विद्युतीय प्रणालीको प्रवर्द्धन लगायतका क्षेत्रहरु आगामी आर्थिक वर्ष ०७९/८० को बजेटका प्राथमिकता हुनेछन्।

**अब म आर्थिक वर्ष ०७९/८०को क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

**आर्थिक विकासः**

१. सार्वजनिक र निजी क्षेत्रको समन्वय र सहकार्यमा लाँकुरी भन्ज्याङमा **महालक्ष्मी पर्यटन महोत्सव** आयोजना गर्न रु ५० लाख विनियोजन गरेको छु।

२. नगरको आर्थिक तथा पर्यटकीय पूर्वाधारहरुको विकास गर्ने उद्देश्यका साथ वडा नं १० को लाँकुरी भन्ज्याङमा मनमोहन मेमोरियल पार्क निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३. सार्वजनिक,निजी, सहकारीको सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्न नेपालको संविधानले परिकल्पना गरेको सहकारी र सरकार सँगसँगै भन्ने सिद्धान्तलाई महालक्ष्मी नगरपालिकाले अगिंकार गर्नेछ । समग्र सहकारी क्षेत्रको विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४. गत वर्ष देखि सुरु गरिएको कृषि पकेट कार्यक्रमलाई निरन्तरता दिन बजेट विनियोजन गरेको छु ।

५. कृषकलाई प्रत्यक्ष लाभ पुग्नेगरी अनुदानमा आधारित कृषि विकास कार्यक्रमहरुलाई सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । सो का लागि रु ७० लाख बजेट विनियोजन गरेको छु ।

६. नगर भित्र स्वस्थकर मासु उपलब्धताका लागि पशु बधशाला निर्माण गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम र नगर प्रमुख युवा उद्यमशिलता कार्यक्रम मार्फत रोजगारी सिर्जनाका लागि रु १ करोड विनियोजन गरेको छु ।

**सामाजिक विकासः**

८. नगरपालिकालाई आकर्षक शैक्षिक हबका रुपमा विकास गर्न शिक्षा क्षेत्र तर्फ रु ३ करोड ३३ लाख बजेट विनियोजन गरेको छु ।

९. महिला तथा वालवालिका लगायतका लक्षित वर्गको क्षेत्रमा सम्बन्धित शाखा र वडाबाट सञ्चालन हुने कार्यक्रमहरुका लागि २ करोड ४० लाख बजेट विनियोजन गरेको छु । विनियोजित वजेटबाट लक्षित वर्गको सशक्तीकरणमा टेवा पुग्ने विश्वास लिएको छु ।

१०. स्वास्थ्य सेवासम्बन्धी संवैधानिक हकको सुनिश्चितताका लागि नगरबासीको आधारभूत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी विश्वसनीय र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्वास्थ्य तर्फ ३ करोड ७ लाख विनियोजन गरेको छु । यसै वर्ष नगर अस्पताल सञ्चालनका लागि ५० लाख विनियोजन गरेको छु ।

११. नगरपालिकामा खेलकुदको प्रवर्धन र विकासका लागि ६५ लाख बजेट विनियोजन गरेको छु । मेयर कप फुटबल प्रतियोगिता सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२. साहित्य, कला, धर्म, संस्कृतिको उत्थान र विकासका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**पूर्वाधार विकासः**

१३. नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि रु ३ करोड विनियोजन गरेको छु ।

१४. वडा नं १ मा बहुउद्देश्यीय भवन निर्माणका लागि रु ६ करोड बजेट विनियोजन गरेको छु ।

१५. वडा नं ८ मा नगर सभा हल निर्माणका लागि रु ५ करोड विनियोजन गरेको छु ।

१६. पूर्वाधार क्षेत्रलाई मुख्य प्राथमिकतामा राखी नगरको समग्र पूर्वाधार विकासका लागि रु १ अर्व २६ करोड विनियोजन गरेको छु ।

**वन वातावरण र विपद व्यवस्थापन**

१७. विपद् जोखिम न्यूनीकरण एवम् सम्भावित विपद् पछिको राहत, उद्धार र पुनर्स्थापनाका लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकम थप गरेको छु।

१८. फोहरमैला व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**संस्थागत क्षमता विकास र सुशासन**

१९. सुशासनका लागि सेवा प्रवाह व्यवस्थित र पारदर्शी हुन आवश्यक हुन्छ । सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टी मापन, अन्तरनिकाय समन्वय लगायत कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०. सेवा प्रवाहमा प्रभावकारीताका लागि जनप्रतिनिधी र कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२१. कर्मचारीहरुलाई उत्प्रेरित तुल्याइ सेवा प्रवाहमा प्रभावकारिता हासिल गर्न कर्मचारी प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

२२. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु ।

२३. आगामि आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. २ अर्व १८ करोड ५५ लाख ७४ हजार ६ सय ४ रुपैँया विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु. ५९ करोड ८० लाख ८७ हजार ६ सय ५० रुपैया (कुल विनियोजनको २७ दशमलव ३७ प्रतिशत) र पुँजिगत तर्फ १ अर्व ५८ करोड ७४ लाख ८६ हजार ९ सय ५४ रुपैँया (कुल विनियोजनको ७२ दशमलव ६३ प्रतिशत) रहेको छ ।

२४. आगामि आर्थिक वर्षको खर्च व्यहोर्ने श्रोत मध्ये आन्तरिक आय तर्फ २२ करोड, राजश्व बाँडफाड मार्फत ३८ करोड, संघीय सरकारको समानीकरण अनुदान १९ करोड ९४ लाख, प्रदेश सरकारको समानीकरण अनुदान १ करोड ९७ लाख २२ हजार, संघीय सरकारको सशर्त अनुदान २४ करोड १४ लाख, प्रदेश सरकारको शसर्त अनुदान १ करोड ६५ लाख ५ हजार ६ सय ४ रुपैया, समपुरक अनुदान १ करोड २० लाख बाट व्यहोरिनेछ ।

**अब म आगामी आर्थिक वर्षको राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२५. कराधार संरक्षण र करको दायरा विस्तार मार्फत आन्तरिक आय अभिवृद्धि गरिनेछ ।

२६. नागरिकको स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गरिनेछ ।

२७. जनप्रतिनिधि र कर्मचारीको सामुहिक प्रयासमा आन्तरिक आय संकलन तथा परिचालन सम्बन्धी कार्य सघन रुपमा अघि बढाइनेछ ।

२८. कर प्रशासनलाई प्रभावकारी बनाँउदै उत्प्रेरणात्मक कर प्रणाली प्रवर्द्धन गरिनेछ । कर सचेतना कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२९. कर प्रणाली र कर प्रशासनमा आधुनिक प्रविधिको प्रयोगमा जोड दिइनेछ ।

बजेट निर्माण कार्यमा मार्गदर्शन गर्नुहुने आदरणीय नगर प्रमुख ज्यूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । प्रतिनिधी सभाका माननीय सांसदज्यूहरु, प्रदेश सभाका माननीय सदस्य ज्यूहरु, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडासदस्य तथा सम्पूर्ण जनप्रतिनिधी ज्यूहरु प्रति सुझाव र सल्लाहको लागि धन्यवाद दिन चाहन्छु । बजेट निर्माण कार्यमा अहोरात्र खटिएर साथ दिनुहुने राष्ट्रसेवक कर्मचारीहरुप्रति धैरै धैरै धन्यवाद दिन चाहन्छु।

अन्त्यमा नगरपालिकाको समग्र विकासमा निरन्तर टेवा पुर्याईरहनुहुने करदाताहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । महालक्ष्मी नगरपालिको समृद्धिमार्फत नगरवासीको खुसीको लागि आर्थिक, भौतिक, नैतिक, सबैखाले सहयोग समन्वय र सहकार्यका लागि संघीय सरकार, प्रदेश सरकार, दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ सँस्थाहरु, बुद्धिजीवि पत्रकार र आम नगरवासीहरुमा हृदयदेखि कृतज्ञता प्रकट गर्न चाहन्छु ।

**धन्यवाद।**